साठीफुला सामुदायिक वन उपभोक्ता समूह
घिरिङ गा.पा. ४, तनहूँ
वन पैदावार वोलपत्रद्वारा लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति :- २०८३/०७/१२
(आर्थिक दैनिक राष्ट्रिय पत्रिका)

यस सामूदायिक वन उपभोक्ता समूहवाट आ.व. ०७८/०७९ मा संकलन भई डिभिजन वन कार्यालय, तनहूंको च.नं. १९२८ मिति २०८०/१२/१६ को लिलाम सहमती भएको तर लिलाम विक्री हुन नसकेको मध्येको घाटगद्धीमा रहेको तथा आ.व. ०८२।०८३ मा संकलन भई घाटगद्धी गरिएको समूह वाहिर लिलाम प्रकृयाद्धारा विकी वितरण गर्ने भनी समूहको निर्णय वमोजिम डिभिजन वन कार्यालय, तनहूंको च.नं. ५९५ मिति २०८३/०७/११ को लिलाम सहमति पत्र अनूसारको तपसिल बमोजिमको वन पैदावार हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा उठाई लैजाने गरि उक्त वन पैदावार लिलाम विकी गर्नु परेकोले प्रथम पटक यो २१ दिने सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आधारित सुचिकृत उद्योग वा फर्मलाई तपशिलका शर्तहरु पूरा हूने गरी गोप्य सिलबन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिल

१) वन पैदावारको विवरण :

वन पैदावारको							मूल्यांकन रु		कैफियत
क्र.सं.	लट नं.	जात	किसिम	ग्रेड	थान	परिमाण (क्यू.फिट)	न्युनतम मुल्य रु. (मू.अ.कर वाहेक)	संकलन खर्च रु.	
१	१	साल	गोलिया	A	३४	५२३.७७	६,५४,७१२/५०	३,०६,८९४/-	
			,,	B	३७	२९५.१०	२,६५,५९०/-		
			,,	C	१९	८३.७६	५०,२५६/-		
		लट १ को जम्मा		-	९०	९०२.६३	९,७०,५५८/५०	३,०६,८९४/-	
१	२	साल	गोलिया	A	९	१४३.१७	१,७८,९६२/५०	१,९७,०९१/-	
			,,	B	२९	२१९.४७	१,९७,५२३/-		
			,,	C	४६	२१७.०४	१,३०,२२४/-		
		जम्मा	-	-	८४	५७९.६८	५,०६,७०९/५०	१,९७,०९१/-	
२		साल	दाउरा	-	-	६ चट्टा	७२,०००/-	५५,९०५/-	
		लट नं २ को जम्मा		-	-	-	५,७८,७०९/५०	२,५२,९९६/-	
१	३	साल	गोलिया	A	६	७३.८५	९२,३१२/५०	१,००,७२५/-	
			,,	B	१४	९६.८३	८७,१४७/-		
			,,	C	२९	१२५.५७	७५,३४२/-		
		लट नं ३ को जम्मा			४९	२९६.२५	२,५४,८०१/५०	१,००,७२५/-	
१	४	साल	चिरान	A	२४९	४९६.४८	८,६८,८३७/५०	२,३६,३२४/-	

(२) बोलपत्र फाराम मिति २०८३/०८/०२ गते कार्यालय समयभित्र मात्र वितरण गरिनेछ । बोलपत्र फाराम मिति २०८३/०८/०३ गते दिनको १२ बजेभित्र समूहमा बूझाइ सक्नू पर्नेछ । उल्लेखित समयपछि आएका फारामलाई लिलाम बढाबढमा समावेश गरिने छैन ।

(३) वोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस सामुदायिक वन उपभोक्ता समूहको कृषि विकास वैंक लि. दमौलीमा रहेको खाता नं.०३१६८००४९४५९२०१९ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्नेछ ।

(४) वोलपत्र फारमको रु १०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय, तनहूँबाट खरिद गर्न सकिनेछ । फाराम दस्तुर वैंक दाखिला गरि पेश गर्नुपर्नेछ ।

(५) लिलाम विक्री हुने वन पैदावार कार्यालय समय भित्र घाटगद्धिस्थानमा गई हेर्न सकिनेछ ।

(६) लिलाममा भाग लिन ईच्छुक काष्ठ व्यवसायीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, काष्ठ व्यवसायीको प्रमाणपत्रको प्रतिलिपी, उद्योग सुचीकृत प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्दि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

(७) निर्धारित न्युनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८३/०८/०३ गते दिनको २ बजे सम्वन्धित वोलपत्रदाता वा निजको प्रतिनिधी लगायतका साक्षीहरुको रोहवरमा खोलिनेछ । वोलपत्रदाता उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्नेछैन

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, प्रदेश सेवा शुल्क र संकलन खर्च बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ । तोकिएको समयमा जम्मा नगरे धरौटी जफत गरी क्रमश अर्को बोलपत्र सदर गरिनेछ ।

(९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

(१०) वोलपत्र पेश गर्ने र खोल्ने स्थान यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा हुनेछ ।

(११) वोलपत्र सदर गर्ने नगर्ने अधिकार उपभोक्ता समुहमा रहेनेछ । माथि उल्लेखित शर्त पूरा नभै आएका बोलपत्रलाई मान्यता दिइने छैन

(१२) अन्य थप जानकारीको लागि समूहको कार्यलयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

(१३) यसमा कुनै कुरा वाझिएमा प्रचलित वन ऐन नियम वमोजिम हुनेछ ।

.....
(अध्यक्षको नाम)